# छत्रदेव गाउँपालिका
# CHHATRADEV RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No.: २०८३/८४
चलानी नं./Ref. No.:

## वातावरणमैत्री गोठ/खोर निर्माण तथा सुधार कार्यक्रम सञ्चालन सम्बन्धी सूचना !

**सूचना नं. ८: कृषि/पशु**

**प्रथम पटक प्रकाशन मिति: २०८३/०६/१४**

छत्रदेव गाउँपालिकाको चालु आ.व.२०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि,२०८३" बमोजिम वातावरणमैत्री गोठ/खोर निर्माण तथा सुधार कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी कृषि फर्म, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी र कृषि कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५औँ दिन अर्थात मिति २०८३/०६/२८ गते कार्यालय समयभित्र सम्बन्धित वडा कार्यालयमा अनुसूची ५ र ६ बमोजिमको ढाँचामा देहायका कागजातसहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघेर प्राप्त भएका प्रस्तावहरु छनौटमा समावेश नगरिने वेहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स. | कार्यक्रम सञ्चालन हुने वडा | बजेट | सञ्चालन गर्नु पर्ने क्रियाकलाप | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका भर | ३२००००/- | १.पशुमा तापक्रम, आद्रता लगायतका वातावरणीय कारणवाट हुने तनाव व्यवस्थापनका लागि गोठ/खोरमा आवश्यक पर्ने संरचना निर्माण तथा सुधार,<br>२. मलमूत्र र फोहर व्यवस्थापनको लागि आवश्यक संरचना निर्माण एवं औजार, यन्त्र, उपकरण खरिद तथा जडान,<br>३. मलमूत्र प्रशोधन तथा जैविक मल उत्पादनका लागि आवश्यक संरचना निर्माण एवं औजार, यन्त्र, उपकरण खरिद तथा जडान। | ५०% अनुदान | |

**आवेदन साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरु:**

(क) आवेदकको नेपाली नागरिकताको प्रतिलिपि,
(ख) आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि,
(ग) कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने प्रमाणको प्रतिलिपि,
(घ) सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि,
(ङ) संघसंस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(च) निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपि,
(छ) लाभग्राहीको कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,
(ज) लाभग्राहीको कार्य समितिका पदाधिकारीहरुको नामावली,
(झ) यसै प्रकृतिको कार्यक्रमका लागि विगत दुई (२) वर्ष देखि अनुदान नलिएको स्व-घोषणा पत्र,
(ञ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

.............................
बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner